जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २०३ पृष्ठः ४ | २०८२ मंसिर १७ बुधबार (Wednesday 03 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा आधारभूत विद्यालय ‘मर्ज’को मुखमाः ६ विद्यार्थीमा ३ शिक्षक, प्रतिफल शून्य




सिरहा, १६ मंसिर। स्थानीय कर र सरकारी ढुकुटीबाट करोडौँ लगानी हुँदै आएको आ.बि. महादेवा पोर्ताहा मर्ज विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदै हाल झन्डै ६ जना मात्र रहेका छन्, तर तीन शिक्षक तलब लिन नियमित उपस्थित नहुँदा प्रतिफल शून्य देखिएको छ। स्थानीय स्रोतका अनुसार टोलीले घटनास्थल निरीक्षण गर्दा विद्यालयको भौतिक अवस्था झारीले ढाकिएको जस्तो देखियो। तीन शिक्षकमध्ये दुई जना कार्यालयमा कागज मिलानमै व्यस्त भेटिए, बाँकी एक जना मात्र कक्षामा उपस्थित रहे। तर छ जना विद्यार्थीमध्ये कसैले किताब खुलाएर पढ्न सकेनन्।

विद्यालय प्रमुखले प्रतिक्रिया दिनबाट पन्छिन खोज्दा शिक्षा शाखा प्रमुखले “२०२८ को शिक्षा नीतिले हात बाँधिएको” भन्ने जवाफ दिएका थिए। स्थानीयले भने समस्या नीति मात्र नभई व्यवस्थापन, राजनीतिक हस्तक्षेप र निगरानीको कमजोरीले विद्यालय भासिँदै गएको बताए। वडाअध्यक्षले शिक्षक नियुक्ति, सरुवा–बढुवा र विद्यालय सञ्चालनमा राजनीतिक प्रभावले गम्भीर अवरोध सिर्जना गरेको दाबी गरे। स्थानीय सरकारले भवन, फर्निचर, शैक्षिक सामग्री लगायत सुविधा उपलब्ध गराएको भए पनि विद्यार्थी संख्या न्यून र शिक्षक उपस्थिति कमजोर रहेको छ।

उता, ५०० मिटर पूर्वस्थित माध्यमिक विद्यालय महादेवा पोर्ताहामा विद्यार्थी संख्या उच्च भए पनि शिक्षक अभाव देखिन्छ, जसले व्यवस्थापन त्रुटि स्पष्ट बनाउँछ स्थानीय तहले सरकारी ढुकुटीबाट वार्षिक करोडौँ खर्च भइरहेको विद्यालयमा शिक्षक दम्भ, राजनीतिक संरक्षण, छुट्टाछुटै स्वार्थ समूहको दादागिरी र निगरानी अभाव मिलेर विद्यालय ‘मर्ज’ हुन

**–बाँकी दुई पेजमा**

## एनपिएलः साबिक विजेता जनकपुरको पहिलो जित

काठमाडौँ, १६ मंसिरः राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आजको पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्स विजयी भएको छ। जनकपुरले चितवन राइनोजलाई ६ विकेटले हरायो। जनकपुरको प्रतियोगितामा पहिलो जित हो। यसअघि लगातार चार खेल हारेको जनकपुरले आज दुई अङ्क जोड्यो। चितवनले भने पाँच खेलबाट दुई खेल मात्रै जितेको छ। जितका लागि पाएको १७७ रनको लक्ष्य १७.३ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो। यसमा माज सदाकत र अनिल साहले उत्कृष्ट ब्याटिङ गर्दै अर्धशतक जोडे। माजले ६३ र अनिलले ६१ रन बनाए।

बलिङतर्फ चितवनका कमलसिंह ऐरी, साहिल तनवीर र अमरसिंह रौटेलाले एक/एक विकेट लिए।



यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुरमा चितवनले टस जितेर ब्याटिङ पहिला ब्याटिङ गरेकामा निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा १७६ रन बनायो। जसमा ओपनरद्वय डेविड मलान र अर्जुन साँउदले अर्धशतक हिर्काए। मलानले ८० र अर्जुनले ५२ रनको योगदान गरे। यी दुवै ब्याटरबीच ११२ रनको शतकीय साझेदारी समेत भयो। जनकपुरका अनिल

**–बाँकी दुई पेजमा**

## स्वदेशी वस्तु प्रयोग गरौं।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं।
- स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नयाँ चोहर्वामा ६ लेन सडक बन्नुपर्ने माँगसहित स्थानीयको प्रदर्शन

**सुरेश राय**

सिरहा, १६ मंसिर। कमला–कञ्चनपुर सडक विस्तारमा चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ ग्रुपको लापरवाही भएको आरोप लगाउँदै सिरहाका स्थानीयवासीले प्रदर्शन गरेका छन्। नरहा गाउँपालिका ३ अन्तर्गत ‘नयाँचोक चोहर्वा क्षेत्रका स्थानीयहरूले हातमा प्लेकार्ड बोकेर ६ लेन राजमार्ग, नाला तथा ओभरपास निर्माणको मागसहित सडकमा प्रदर्शन गरेका हुन्। स्थानीय अमरनाथ यादवका अनुसार मिर्चैया–गोलबजार–चोहर्वामा ६ लेन सडक बन्ने भए पनि सदरमुकामतर्फ जाने मुख्य



चोकमा कम्पनीले कुनै काम नगरेको र नाला समेत निर्माण नगरेको विरोधस्वरूप आन्दोलन गरिएको हो।

अर्का स्थानीय बेचन महतोले वडा कार्यालयदेखि चाइना कम्पनी कार्यालयसम्म पटक–पटक ज्ञापनपत्र बुझाए पनि कुनै सुनुवाइ नभएकाले सडकमा आउन बाध्य भएको बताए। महतोले भने, ‘हामीले वडा कार्यालयदेखी चाइना कम्पनिको कार्यालयसम्म गएर ज्ञापन पत्र बुझाउदा पनि कुनै सुनुवाइ भइन। मिर्चैया,गोलबजार लगायतका ठाँउहरुमा नाला र ओभरपास निर्माण कार्य हुने तर सदरमुकाम जाने मुख्य चौकमै निर्माण नहुनुले हामीमाथि विभेद भएको छ। यहाँपनि ६ लेन र ओभरपास बन्नु पर्छ।’

अर्का स्थानिय रामसेवक यादवले सदरमुकामतर्फ जाने बाटोमा ओभरपास र नाला अत्यावश्यक भएको आग्रह गर्दा कम्पनीका कर्मचारीबाट उल्टै निहुँ खोज्ने र धाक–धम्की दिने गरेको बताए। प्रदर्शनमा सहभागी स्थानीयले ‘चाइना कम्पनीको मनपरी चल्दैन, जनताको माग पूरा गर, चाइना तेरो पाराले दुःख पायो साराले’ जस्ता नारासहित सडकमा प्रदर्शन गरेका थिए। प्रदर्शनका कारण केहीबेर पूर्व–पश्चिम महेन्द्र राजमार्ग अवरुद्धसमेत भएको स्थानीयले बताए।

उता, कमला–कञ्चनपुर सडक परियोजनाका इन्जिनियर सरोज कोइरालाले भने स्थानीयको माग अनुसारका संरचना लागत अनुमान (स्टिमेट) मै नसमेटिएकाले निर्माण गर्न नसकिने स्पष्ट पारे। उनका अनुसार स्थानीयको माँग चाइना कम्पनीलाई होइन, नेपाल सरकारलाई हो। परियोजनाले

**–बाँकी दुई पेजमा**




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## दुर्गमका विद्यालयमा विषय शिक्षकको सधैँ अभाव

सम्भवतः सुधारको सबैभन्दा बढी खाँचो भएको क्षेत्र हो शिक्षा। उच्च शिक्षादेखि बालविकास तहसम्मै पठनपाठन सन्तोषजनक र फलदायी हुनसकेको देखिँदैन। शिक्षामन्त्रीलगायत सबैको ध्यान उच्च शिक्षामा जान्छ र सुधारका ठूला कुरा गर्छन्। उपलब्धि भने शून्य हुनेगरेको छ। राज्यले बढी प्राथमिकता दिनुपर्ने क्षेत्र भने विद्यालय शिक्षा हो। सरकारी विद्यालयहरू भने अधिकांश समस्याग्रस्त छन्। कतै शिक्षक छन् विद्यार्थी छैनन् त कतै विद्यार्थीका अनुपातमा शिक्षकको सङ्ख्या निकै कम छ। शिक्षामा राज्यको लगानी अपर्याप्त त छँदैछ न्यायपूर्ण पनि छैन।

तैपनि, सुगम क्षेत्रका विद्यालयहरूमा शिक्षकहरू दलगत राजनीतिमा लाग्न छाड्ने र आवश्यक भौतिक सुविधा हुने हो भने शिक्षामा अपेक्षित सुधार सम्भव देखिन्छ। तर, दुर्गम क्षेत्रका अधिकांश विद्यालयमा त विद्यार्थी, शिक्षक र भौतिक सुविधा सबै दयनीय अवस्थामा हुन्छन्। सबै पक्षको सुधार नगरी अत्यावश्यक देखिन्छ। भौतिक सुविधाको व्यवस्था बिस्तारै गरे पनि होला तर शिक्षकविना त विद्यालयमा पढाइ हुँदैन। अनि दुर्गम क्षेत्रका अधिकांश विद्यालयमा पर्याप्त दरबन्दी त छैन नै दरबन्दीमै पनि योग्यता पुगेको विषय शिक्षक हुँदैनन्। अनि कसरी हुन्छ त शैक्षिक अवसरमा समानता ?

कर्णाली प्रदेशको कालीकोट जिल्लाको एउटा विद्यालयमा गणित शिक्षकका लागि १९ पटक विज्ञापन गर्दा पनि निवेदन परेन। नरहरिनाथ – ७ स्थित रूपादेवी माध्यमिक विद्यालयको यो कटु वास्तविकताले शैक्षिक बेरोजगारी चर्को रहेको तथ्याङ्कलाई चुनौती दिएको देखिन्छ। गणितमा शिक्षण अनुमति पाएका कोही पनि बेरोजगार नभएको पक्कै होइन।

देशभर एउटै पाठ्यक्रम पढाइन्छ। दुर्गमका विद्यालयमा अरू भौतिक सुविधा त छैनन् नै विषय शिक्षकसमेत नभएपछि त्यहाँका विद्यार्थी कसरी विद्यालय शिक्षा उत्तीर्ण हुने रु जसोतसो पास गरे पनि तिनले सुगमका साधन सम्पन्न विद्यालयमा पढेका समकक्षीसँग कसरी प्रतिस्पर्धा गर्ने ? शिक्षामा सुधार गर्ने हुटहुटी छ भने शिक्षामन्त्री महावीर पुनले यस विषयमा ध्यान दिनुपर्थ्यो। कम्तीमा पुनले दुर्गमको पीडा बुझ्न त सक्थे। तर, दुर्गम क्षेत्रका विद्यालयहरूलाई कसरी प्रतिस्पर्धी बनाउने भन्ने विषय अहिलेसम्म त शिक्षा मन्त्रालयको प्राथमिकतामै परेन नै मन्त्री पुनले पनि यसमा चासो र चिन्ता गरेको देखिएन।

शिक्षक भर्ना प्रक्रिया सरल भए पनि स्थानीयहरू खोजेर नियुक्त गर्ने थिए होलान्। सरकारले विद्यालयहरू समुदायको स्वामित्वबाट नखोस्दासम्म तराईमात्र होइन भारतबाट समेत योग्य विषय शिक्षक खोजेर पहाडका विद्यालयमा पढाउन लैजाने गरिन्थ्यो। अहिले प्रशासनिक तामझाम त बढ्यो तर समुदायको हातबाट खोसियो। अनि विद्यालयमा दरबन्दी हुँदा पनि शिक्षक नहुने अवस्था उत्पन्न भयो। शिक्षकहरूको हडतालमा नउठ्ने र कथित 'शिक्षाविद्ह'रूले महत्त्व नदिनेमात्र होइन त्यहाँको स्थानीय र प्रदेश सरकारले समेत बेवास्ता गर्ने यस्तो समस्या समाधान नगर्ने हो भने दुर्गमका विद्यार्थीले सधैँ नै पाठ्यक्रम पूरै नपढी जाँच दिइरहनुपर्नेछ। त्यस्तो विडम्बना रहुन्जेल शिक्षा सुधारको ठूला कुरा गर्नु लाजमर्दो हुन्छ ।

# सर्वोच्चको परमादेशपछि मधेसमा राजनीतिक हलचल




जनकपुर, १६ मंसिर। मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी भएसँगै प्रदेशको राजनीतिक वृत्तमा हलचल पैदा भएको छ। सोमबार सर्वोच्च अदालतले आदेश जारी गरेलगत्तै सत्ता पक्ष र विपक्षी दुवै पक्ष आफूअनुकूल बहुमत सुनिश्चित गर्ने प्रयासमा जुटेका छन्। नेपाली कांग्रेससहितका सात दलले दायर गरेको रिटमाथि सर्वोच्चले मुख्यमन्त्री यादवले २४ घण्टाभित्र विश्वासको मत लिन नसके संविधानको धारा १६८(२) बमोजिम नयाँ सरकार गठनको प्रक्रिया अघि बढाउन प्रदेश प्रमुखको नाममा सर्वोच्चले आदेश दिएको हो।

सर्वोच्चको आदेशसँगै नयाँ सरकार गठनको प्रक्रिया तीव्र रूपमा अघि बढेको छ। मुख्यमन्त्री यादवले आवश्यक बहुमत जुटाउन नसक्ने लगभग निश्चित देखिएको छ। एमालेबाहेकका दलहरू यादव नेतृत्वको सरकारलाई 'असंवैधानिक' भन्दै विश्वासको मत नदिने अडानमा कायमै देखिएका छन्। मधेस प्रदेशसभामा कूल १०७ सदस्य रहेकामा सरकार बनाउन कम्तीमा ५४ मत आवश्यक पर्छ। एमालेसँग २५ सांसद छन्, जसमध्ये एक जना निलम्बित छन्। नेपाल संघीय समाजवादी पार्टी र राप्रपाका एक–एक सांसद एमाले पक्षमा देखिए पनि राप्रपाले आफ्ना मन्त्री कञ्चन बिच्छामाथि कारबाही प्रक्रिया अघि बढाइसकेको छ।

यसैबिच, कांग्रेस २२, जसपा नेपाल १८, जनमत पार्टी १३, माओवादी केन्द्र ९, लोसपा ८, एकीकृत समाजवादी ७ र नागरिक उन्मुक्ति पार्टी १ गरी सातदलीय गठबन्धन दुई तिहाइसांसद छन्, जसका आधारमा नयाँ सरकार गठन सहज देखिएको छ। सर्वोच्चको आदेशपछि मुख्यमन्त्री यादव स्वयंले पनि विश्वासको मत पाउनेमा शंका व्यक्त गरेका छन्। उनी भन्छन्, "यदि उपधारा ५ मा प्रक्रिया अघि बढेको भए अवस्था फरक हुन सक्थ्यो। सर्वोच्चले उपधारा २ मा नै जान भनेपछि अब सबै विकल्प खुला छन्।"

यसअघि एमालेले सबैभन्दा ठूलो दलको हैसियतमा तथा प्रदेश प्रमुख र सभामुखको सहयोगमा संविधानको धारा १६८(३) अनुसार सरकार गठन गरेको थियो। तर त्यो प्रक्रिया असंवैधानिक भएको दाबी गर्दै सातदलीय गठबन्धन सर्वोच्चमा पुग्दा प्रदेश प्रमुख र सभामुख दुवैले पद गुमाइसकेका छन्। अब विश्वासको मत नपाएसँगै मुख्यमन्त्री पद पनि एमालेको हातबाट जाने लगभग निश्चित देखिएको छ।

# एमाले महाधिवेशन प्रतिनिधिको गाडी जलाइयो

**जीवछ यादव**



लहान, १६ मंसिर। लहान नगरपालिका वडा नम्बर २ भगवानपुर घर भएको नेकपा एमाले महाधिवेशन प्रतिनिधि चुनिएका जितेन्द्रकुमार यादवको बा ०१००६ ख ५८१८ नम्बरको इभि चार्जिङ हायसमा गएराति अज्ञात व्यक्तिले आगो लगाएका छन्। लहान काठमाडौँ चलाउने हायस दुई वर्ष अघि ६० लाखमा खरिद गरेर चलाउने हायस सोमबार राति ११ बजे घर अगाडि राखिएको अवस्थामा आगो लगाइएको गाडी मालिक जितेन्द्र यादवले बताउनुभयो।

मङ्सिर १३ गते नेकपा एमालेको एघारौं महाधिवेशनका लागि सिराहा १ का लागि भएको प्रतिनिधि चयनको निर्वाचनमा एक हजार १८८ मत प्राप्त गरेर विजय हुनुभएको थियो। लहानको इलाका प्रहरी कार्यालय लहानदेखि लहान १९ कटहा चोकसम्म पक्की सडक निर्माणका लागि सडक खनिएकाले बाटो अवरुद्ध हुँदा गोलबजार नगरपालिकाबाट वारुण यन्त्र आउन झण्डै दुई घण्टा लागेको थियो।

आगो लागेपछि इलाका प्रहरी कार्यालय लहानबाट एक किलोमिटरको दूरीमा आगजनी हुँदा आधा घण्टा समय लाग्नु र लहान नगरपालिकामा ३० वर्ष अघि खरिद गरिएको वारुण यन्त्र बिग्रिएको अवस्थामा रहेकाले गोलबजारबाट वारुण यन्त्र आउँदा आगो नियन्त्रणमा नआएकाले लहान नगरपालिका र इलाका प्रहरी कार्यालय लहान गम्भीर नभएको भन्दै स्थानीयहरुले आक्रोश पोखेका छन्। यता इलाका प्रहरी कार्यालयले आगो लगाउने अपराधी व्यक्तिको खोजीमा प्रहरी लागिसकेको प्रहरी नायब उपरीक्षक कैलाश राईले बताउनुभयो। लहानमा घरकै अगाडि राखिएको व्यक्तिको गाडीमा आगो लगाएको पहिलो घटना भएको उहाँले बताउनुभयो। २४ वटा वडा भएको लहान नगरपालिकाको वारुण यन्त्र मर्मत नहुनु र आवश्यकताको आधारमा अर्को वारुण यन्त्र खरिद नगर्दा आगलागीबाट भइरहेको धनजनको क्षति रोक्न चुनौती देखिएको स्थानीयहरुले गुनासो पोखेका छन्। लहानको वारुण यन्त्र सुचारु भएको भए घटनास्थलसम्म आइपुग्न दस मिनेटको बाटो छ।

# घरमुली निधनपछि दुई परिवारलाई खाद्यान्न राहत



सिरहा, १६ मंसिर। लहान नगरपालिका–२२ का सदाय मण्डल र अर्को मण्डल परिवारमा हालै घरमुलीको निधन भएपछि उत्पन्न भएको कठिन आर्थिक अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले खाद्यान्न राहत प्रदान गरेको छ। नगर प्रमुख महेश चौधरीले वडा नं. २२ का वडा अध्यक्ष श्याम अधिकारीको अगुवाइमा दुवै पीडित परिवारका घरमै पुगेर चामल, दाल, नुन, तेल सहितका अत्यावश्यक खाद्य सामग्री हस्तान्तरण गरेका हुन्।

राहत वितरणका क्रममा मेयर चौधरीले परिवारप्रति समवेदना प्रकट गर्दै भने, "नागरिकको दुःख–सुखमा साथ दिनु नै नगरपालिकाको प्रमुख दायित्व हो। घरमुली गुमाउनु कुनै पनि परिवारका लागि अत्यन्तै पीडादायी घडी हो, यस अवस्थामा नगरपालिकाले आवश्यक सहयोग गर्दै आएको छ र आगामी दिनमा पनि निरन्तर साथ रहन्छ।" वडा अध्यक्ष अधिकारीले पनि तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न नगरपालिका तत्पर रहेको उल्लेख गर्दै पीडित परिवारलाई मनोबल उच्च राख्न आग्रह गरे।

राहत वितरणका क्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी तथा छिमेकी वडावासीहरूको उपस्थिति थियो। परिवारका सदस्यहरूले नगरपालिकाप्रति आभार व्यक्त गर्दै प्राप्त सहयोगले अहिलेको संवेदनशील अवस्थामा ठूलो राहत भएको प्रतिक्रिया दिएका छन्। नगरपालिकाले यस्ता घटनामा प्रभावित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने तथा सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाएको छ।

### एनपिएलः साबिक

शाह, रूपेश सिंह, माज सदाकत र जान निकोल लोफ्टी–इटनले एक/एक विकेट लिए। आजै अपराह्न ४:०० बजे दोस्रो खेलमा पोखरा एभेन्जर्स र कर्णाली याक्स आमनेसामने हुनेछन्।

### एनपिएलः साबिक...

सरकारबाट स्वीकृत स्टिमेटअनुसार मात्र काम गर्न सक्ने बताए। २०७७ कात्तिक २३ गते १५ अर्ब ६६ करोड रुपैयाँमा ठेक्का पाएको चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ ग्रुपले ४७ किलोमीटर लामो कमला–कञ्चनपुर सडक विस्तारलाई पूर्व र पश्चिम गरी दुई खण्डमा विभाजन गरेर अघि बढाइरहेको छ।

तर, ठेक्का अवधि सकिन एक महिना मात्र बाँकी हुँदा पनि ६६ प्रतिशत मात्र सम्पन्न भएको परियोजनाले जनाएको छ। काम ढिलो भएको कारण स्थानीय, व्यापारी तथा यात्रु वर्षौंदेखि खुःख समस्या भोग्दै आएका छन्।

### सिरहामा आधारभूत...

लागेको स्थानीय तहले खुलेर बताएका छन्।

जनस्तरबाट दबाब आवश्यक रहेको भन्दै, शिक्षा सुधार, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न अब स्थानीय समुदायको सक्रिय भूमिका अपरिहार्य रहेको विश्लेषकहरूको भनाइ छ।

# अर्नमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/१७**

यस अर्नमा गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार औषधी तथा सर्जिकल सामग्री खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पेश गर्नु हुन यो सूचनाम प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. सिलबन्दी दरभाउ सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र कार्यालय समयमा तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) श्री नविल बैंक लि.अर्नमा शाखाको खातानं.२२४०१०१७५००००८ मा नगद जम्मा गरेको सक्कलै भौचर बुझाई चालु आ.व.को नविकरण गरिएको व्यवासयी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व.२०८१/०८२ को चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी कागजात र आधिकारिक प्रतिनिधीको हस्ताक्षर सहितको निवेदन संलग्न राखी स्वास्थ्य शाखाबाट खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको सिलबन्दी दरभाउ फारम यो सूचना प्रकाशित भएको मितिले १६औं दिन १२ बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्ने छ।
३. सिलबन्दी दरभाउ फारम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदापछिको कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्नु पर्नेछ।
४. दर्ता भएका सिलबन्दी दरभाउ हरु सोही दिन दिनको २ बजे सिलबन्दी दरभाउदाता वा निजको प्रतिनिधी र कार्यालयको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ। समयमा फर्म वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ खोल्न बाधा पुग्ने छैन।
५. सिलबन्दी दरभाउ साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र,रुस्थायी लेखा प्रमाणपत्र तथा आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थप सम्बन्धी कागजात र कालो सूचीमा नपरेको स्वयः घोषणापत्र पेश गर्नुपर्ने छ।
६. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा सञ्चालित रहेको श्री नविल बैंक लि. अर्नमा शाखाको खाता नं. २२४०१०१७५०००३६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकले जारी गरेको ग्यारेन्टी Bid Bond संलग्न हुनुपर्ने छ। प्रस्तावकको Bid Validity बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनको हुनपर्नेछ।
७. कबोल अंकको दररेट अंक र आधारमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहीछाप गर्नुपर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
८. सिलबन्दी दरभाउ दातालाई दररेट भर्नु अघि सम्बन्धित आपूर्तिकर्तालाई सम्पूर्ण अवस्थामा बुझ्न दिइनेछ। उल्लेखित दररेट सवै पारिस्थिती बुझी कबोल गरिएको मानिनेछ।
९. सिलबन्दी दरभाउ स्वीकृत भए पश्चात नियमानुसारको कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ।
१०. रीत नपुगी वा म्याद नापी र कुनै शर्त राखी पेश हुन आएमा सिलबन्दी दरभाउ उपर कुनै कारवाही हुने छैन।
११. सिलबन्दी दरभाउ पेश गर्दा खाम बाहिर सिलबन्दी दरभाउ दाताको नाम,ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्ट उल्लेख गर्ने पर्नेछ।
१२. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी दरभाउ फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।
१३. सिलबन्दी दरभाउ मा उल्लिखित सम्पूर्ण औषधिहरुको कम्पनीको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ।
१४. औषधी खरिद गर्द WHO GMP Certified Company बाट उत्पादित तथा नेपाल सरकारबाट स्वीकृत प्राप्त औषधीहरु मात्र खरिद गरिनेछ।
१५. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date कम्पनीको नाम तथा नेपाल सरकारद्वारा निःशुल्क वितरणका लागि भनी उल्लेख भएको हुनुपर्ने छ।
१६. कार्यालय सम्म औषधि दाखिला हुन आउँदा कम्तिमा १८ महिनाको म्याद हुनु पर्नेछ तर कुनै औषधिको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Life को कम्तिमा ७५ प्रतिशत म्याद बाँकी हुनुपर्नेछ।
१७. सिलबन्दी दरभाउ पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने व नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
१८. सिलबन्दी दरभाउ फाराममा उल्लेख भए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ साथै यो सूचना अर्नमा गाउँपालिकाको Website: www.arnamamun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ।
१९. सिलबन्दी दरभाउ फाराम खरिद गर्न सकिने मिति २०८२।०८।१७ गते देखि २०८२।०९।०२ गते सम्म कार्यालय समय भित्र।
२०. सिलबन्दी दरभाउ दर्ता गर्न सकिने अन्तिम मिति २०८२।०९।०३ गते दिनको १२ बजे भित्र।
२१. सिलबन्दी दरभाउ खोलिने मिति र स्थान २०८२।०९।०३ गते दिनको २ बजे अर्नमा गाउँपालिकाको कार्यालय अर्नमा सिरहा।

**तपसिलः**

| क्र सं. | सिलबन्दी दरभाउ नं. | विवरण | लागत रकम रु. | सिलबन्दी दरभाउ फाराम दस्तुर | बिड सेक्युरिटी |
|---|---|---|---|---|---|
| १. | ३/GOODS/ARNRM/SQ/२०८२/०८३ | स्वास्थ्य संस्थाहरुका लागि औषधि खरिद | ४७६४८४५ (सैतालिस लाख चौसंठी हजार आठ सय पैंतालिस मात्र | ३०००/– (तीन हजार मात्र) | रु.१,२०,०००।– (एक लाख बीस हजार) |

**प्रमुख प्रशासकीय अधिकृत**

# सयपत्री फूलखेतीबाट वार्षिक सात लाख बचत गर्दै लालबाबु



महोत्तरी, १६ मंसिर। जिल्लाको मनराशिस्वा नगरपालिका–३ सोनौल गाउँका लालबाबु भण्डारीले सयपत्री फूलखेतीबाट वार्षिक रु सात लाख बचत गरिरहनुभएको छ। करिब २० कठ्ठा क्षत्रमा लगाइएको सयपत्री फूलखेतीबाट उहाँले वार्षिक रु सात लाख बचत गर्दै आउनुभएको हो। अहिले लालबाबुको दैनिकी बिहान ५:०० बजेदेखि बेलुकाका ५:०० बजेसम्म फूलखेतीमा बित्ने गरेको छ। गाउँको दुई स्थानमा १०/१० कठ्ठामा क्षेत्रफलमा सयपत्री फूलखेती गर्नुभएका लालबाबुले दिनभरि फूलको बिरुवा हेरचाह, सिँचाइ, मलखाद्य र फूल टिप्ने कार्यमा बिताउनुहुन्छ।

फूलखेतीमा उहाँलाई छोराद्वय विकास र आकाशले पनि सघाउने गर्नुभएको छ। भारतको मुज्जफरपुरबाट सयपत्री फूलको बिरुवा प्रतिवटा भारु दुईमा ल्याएर रोपाइँ गर्ने गरेको लालबाबुले बताउनुभयो। उहाँका अनुसार एउटा बिरुवा हुर्कन २० देखि ४० दिन लाग्दछ। "एउटा बिरुवा सप्रिएपछि तीन–चार महिनासम्म फूल दिने गर्दछ। दश कठ्ठामा लगाइएको एक हजार २०० बिरुवाले एकैपटक फूल दिँदा एक दिनमा ५० किलोसम्म हुन्छ", उहाँले भन्नुभयो।

उहाँले दुई स्थानमा फरकफरक समयमा फल्ने सयपत्री लगाउनुभएको छ। एक स्थानमा उत्पादित फूल सकिन लाग्दा अर्को स्थानमा फूल्न थाल्ने भएकाले वर्षभरि बिक्री गर्न सक्ने लालबाबुले बताउनुभयो। सयपत्री फूलको माग वर्षभरि हुने भएकाले सधैँ आपूर्ति गर्न सफल भएको उहाँको भनाइ छ।

"एउटा सयपत्री फूल उनेको मालाको रु ५० देखि रु ७० पर्छ। घरमा आएका व्यापारीलाई रु ४० मा बिक्री गर्छौं। यसबाट दैनिक रु पाँच हजारसम्म आम्दानी हुने गरेको छ", लालबाबुका छोरा विकासले भन्नुभयो। थोकमा प्रतिकिलो रु चारदेखि रु ५०० सम्ममा बिक्री गर्दा दैनिक रु दुई हजारदेखि रु पाँच हजारसम्म आम्दानी हुने उहाँले जानकारी दिनुभयो। लालबाबुले घरमा 'जयमा फूल भण्डार' नाममा पसल सञ्चालन गर्नुभएको छ। वर्षभरिको घरखर्च, छोराहरूको पढाइ र अन्य खर्च कटाएर रु सात लाखसम्म बचत हुने गरेको उहाँले जानकारी दिनुभयो।

# नेकपाको मधेश प्रदेश स्तरीय एकता सन्देशसभा जनकपुरमा हुने

जनकपुर, १६ मंसिर। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मधेश प्रदेश स्तरीय एकता सन्देशसभा जनकपुरधाममा हुने भएको छ। मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलनमार्फत मंसिर २० गते जनकपुरधामको तुरहुतिया गाछिमो मधेश प्रदेश स्तरीय एकता सन्देश सभाको आयोजना हुने पार्टीका नेता एवं पूर्व मन्त्री महेन्द्र राय यादवले जानकारी दिए। उनले सातै प्रदेशमा एकताको सन्देश पुऱ्याउने अभियानअन्तर्गत जनकपुरधाममा सभा हुन लागेको बताए। उनले प्रदेशभरबाट ४० हजार जति मानिस सहभागी हुने आकलन गरिएको जानकारी दिए।

नेता यादवले एकताको सन्देश सभामा देशको परिस्थिति, आगामी चुनाव, देशमा विद्यमान समस्याहरूबारे १६ घटकका नेताहरूले आफ्नो विचार राख्ने बताए। सभामा खासगरी मधेशी जनता र मधेश प्रदेशका समस्याहरूबारे पनि शीर्ष नेताहरूले आफ्नो धारणा राख्ने उनले बताए।

# रुघाखोकीका बिरामी बढे

चितवन, १६ मंसिर। भरतपुर अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये २० प्रतिशत मौसमी रुघाखोकीका रहेका छन्। रुघाखोकीका बिरामी अहिलले जाडो बढेसँगै बढेका हुन्। भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा प्रमोद पौडेलका अनुसार यहाँ उपचारमा आउने बिरामीमध्ये २० प्रतिशत मौसमी रुघाखोकीका बिरामी हुन्। उहाँले भन्नुभयो, "सामान्य समयभन्दा अहिले यस्ता बिरामीको चाप बढेको छ।"

अहिले अस्पतालमा दैनिक एक हजार ५०० देखि दुई हजार हाराहारी बिरामी आउने गरेका छन्। आएका बिरामीमध्ये ३०० भन्दा बढी मौसमी रुघाखोकी र ज्वरोका रहेका उहाँले जानकारी दिनुभयो। अस्पतालका वरिष्ठ फिजिसियन डा कालिदास अधिकारीका अनुसार लगातार चार दिनसम्म ज्वरो आउने, घाँटी दुख्ने, टाउको दुख्ने, जीउ दुख्ने, खाना नरुच्ने तथा सुक्खा खोकी लाग्ने जस्ता समस्या लिएर आउने बिरामीको सङ्ख्या बढेको हो। उहाँले भन्नुभयो, "सिजनल फ्लुका बिरामी बढेका छन्।" यसलाई रोक्न चिसो कुरा नखाने, चिसोमा बाहिर नहिँड्ने, हिँड्नै परे बाक्ला र लामा लुगा गाएर हिँड्ने गर्नुपर्ने उहाँले बताउनुभयो।

अस्पतालमा आएका बिरामीमध्ये केही स्क्रबटाइफसका रहेको डा अधिकारीले बताउनुभयो। दीर्घरोगी र ज्येष्ठ नागरिकमा बढी मौसमी रोगको समस्या देखिएको उहाँले बताउनुभयो। अहिले उपचारमा आएका बालबालिकामा समेत मौसमी रोगको समस्या देखिएको बाल रोग विशेषज्ञ डा खेम पौडेलले बताउनुभयो। बालबालिकामा लगातार ज्वरो आउने, सिँगान बगिरहने, खाना नरुच्ने जस्ता समस्या देखिने गरेको उहाँले बताउनुभयो।

बालबालिकालाई चिसो खान नदिने, बिहान र साँझ बाहिर हिँड्डुल गर्न नदिने, लामो र न्यानो कपडा लगाइदिने, झोलिलो र ताता कुरा खान दिने जस्ता कार्यले मौसमी रोगबाट बचाउन सकिने उहाँले बताउनुभयो। अहिले उपचारमा आएका बालबालिकामध्ये ५० प्रतिशतमा मौसमी रुघाखोकी र ज्वरोको समस्या रहेको उहाँले जानकारी दिनुभयो। बालबालिकालाई चिसोबाट बचाउनसमेत उहाँले आग्रह गर्नुभयो।

यस अस्पतालमा चितवनसहित विभिन्न जिल्लाका बिरामीको उपचार हुँदै आएको छ। सङ्घीय अस्पतालका रूपमा रहेको यस अस्पतालमा विशेषज्ञ सेवासमेत हुने भएकाले उपचारका लागि केन्द्र बन्दै आएको छ।

# किसानको धान खरिदमा चुनौती



सिरहा, १६ मंसिर। सिरहाको लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखामा यसवर्ष किसानको धान खरिदमा चुनौती देखिएको छ। सरकारले तोकेको समर्थन मूल्य स्थानीय व्यापारीले किसानलाई दिएको भन्दा बढी भएपछि किसानहरु खाद्य व्यवस्थालाई धान बिक्री गर्न आकर्षित भएका हुन्। तर शाखालाई प्राप्त न्यून कोटाका कारण किसान मारमा पर्ने देखिएको छ। खाद्य कम्पनी लहान शाखाका प्रमुख दीपक सुनारका अनुसार, शाखाले यस वर्ष १२ हजार क्विन्टल सोना मन्सुली धान खरिद गर्ने कोटा पाएको छ। गत वर्ष ४० हजार क्विन्टलको कोटा प्राप्त गरेको थियो। विभागबाट न्यून कोटा तोकिएका कारण किसानको धान खरिद गर्न कठिनाइ हुने उनको भनाइ छ।

गतवर्ष किसानले स्थानीय व्यापारीलाई बढी मूल्य दिएका थिए। त्यसले गर्दा खाद्य कम्पनीमा थोरै मात्र धान बिक्रीका लागि ल्याएका थिए। यसवर्ष भने स्थानीय व्यापारीले सरकारले तोकेको मूल्य भन्दा कम मूल्य दिएको छ। कम्पनीले तीन हजार ६२८ प्रति क्विन्टलको समर्थन मूल्य तोकेको छभने व्यापारीले प्रति क्विन्टल दुई हजार आठ सयमा मात्र खरिद गरिरहेका छन्। शाखा प्रमुख सुनारले भने, 'सीमित कोटाले गर्दा किसानको चाप र धान बिक्रीका लागि भीड नियन्त्रण गर्न जटिल हुने देखिन्छ।'

तराईको खाद्यान्न बजार भारतीय बजारबाट प्रभावित हुने भएकाले भारतबाट सस्तोमा धान खरिद गर्न पाउँदा नेपाली किसान सधैँ समस्यामा पर्दै आएका छन्। व्यापारीले सस्तोमा धान खरिद गर्ने नीति अपनाएपछि यहाँका किसान सरकारी समर्थन मूल्यमा बिक्री गर्न खाद्य कम्पनीलाई कुरेर बसेका छन्। सोमबार प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा बसेको प्राथमिक खरिद समितिको बैठकले धानको कोटा बढाउन पहल गर्ने निर्णय गरेको छ।

# मधेसका मुख्यमन्त्रीद्वारा आज विश्वासको मत लिने घोषणा



जनकपुर, १६ मंसिर। मधेसका मुख्यमन्त्री सरोज यादवले बुधबार विश्वासको मत लिने भएका छन्। मुख्यमन्त्री यादवले मंगलबार पत्रकार सम्मेलन गर्दै बुधबार दिउँसो २ बजे विश्वासको मत लिने बताएका हुन्। प्रदेश प्रमुखको कार्यालयबाट पत्र प्राप्त भएको जानकारी दिँदै उनले भने 'बुधबार दिउँसो २ बजेसम्म विश्वासको मत लिनेछु।'

उनले विश्वासको मत लिनको लागि प्रदेशसभा सचिवालयलाई पत्र पठाउन लागेको बताए। मुख्यमन्त्री यादवले आफूलाई प्रदेशसभा सदस्यहरूले सहयोग गर्ने विश्वास समेत व्यक्त गरे। सोमबार साँझ सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरेको थियो।

# तीन दिनदेखि गाडीसहित बेपत्ता एक जनाको शव भेटियो

उदयपुर, १६ मंसिर। तीन दिनदेखि सुमो गाडीसहित बेपत्ता ललितपुरको महालक्ष्मी नगरपालिका– ८ लुभुका अन्दाजी ४० वर्षीय दीपेन्द्र केसीको शव उदयपुरको कटारी–१४ पाखेमारा भीरमा भेटिएको छ। इलाका प्रहरी कार्यालय कटारीकाअनुसार सोमबार साँझ सडकबाट तीन सय मिटर तल सुमो क्षतिग्रस्त रूपमा भेटिएको थियो।

क्षतिग्रस्त सुमोसँगै केसीको शव भेटिएको हो। प्रहरीले मध्यराति नै भिरबाट शव निकालेर शव परीक्षणका लागि कटारी अस्पताल ल्याएको छ। ना १ ज ५८१२ नं को सुमो लिएर१३ मङ्सिरमा केसी उदयपुरको ताप्ली गाउँपालिका रुपाटार जान्छु भनी हिँडेका थिए।

रुपाटारमा विवाहका लागि जन्ती जान रिजर्भ भएकाले केसी एक्लै सुमो लिएर निस्किएका थिए। शनिबार राति सिन्धुलीको खुर्कोट प्रहरी बिटमा 'इन्ट्री' गरेर आएका केसी रातिदेखि सम्पर्कविहिन भएका थिए। कटारी–१४ घुर्मी नजिकसम्म आइपुगेको जानकारी गराएपछि उनी बेपत्ता भएको सिन्धुलीको दूधौलीमा रहेकी श्रीमती सुशीला कार्कीले बताउनुभयो।

# एमाले महाधिवेशन : महोत्तरीमा विवादित बन्दै प्रतिनिधि छनोट प्रक्रिया

**अजय शाह**

महोत्तरी, १६ मंसिर। नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनको प्रतिनिधि छनोट प्रक्रिया महोत्तरीमा विवादित बन्दै गएको छ। मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले आफ्नो गृह क्षेत्र महोत्तरी क्षेत्र नम्बर ४ को प्रतिनिधि छनोटमा मनपरी ढंगले हस्तक्षेप गरेको आरोप लगिएको हो। इतर समूहका नेताहरूले मुख्यमन्त्रीको योजनाअनुसार निर्वाचन गराई १९ प्रतिनिधि नै केपी ओली निकट व्यक्तिहरूलाई विजयी घोषणा गरिएको भन्दै तीव्र आपत्ति जनाएका छन्।

एमाले प्रदेश कमिटी सदस्य तथा अनेरास्ववियुका पूर्व केन्द्रीय सचिव सरोज यादवले प्रतिनिधि छनोटको प्रक्रिया अनौठो ढङ्गले सञ्चालन गरिएको दाबी गर्नुहुँदै, "दुई प्यानलबिच प्रतिस्पर्धा भए पनि नतिजा अत्यन्त असन्तुलित देखियो। हार्ने प्यानललाई ९४ र जित्ने प्यानललाई तीन हजारभन्दा बढी (३४१४) मत देखाइनु नै मतपत्रको डिजाइनमै त्रुटि वा हस्तक्षेप भएको संकेत हो," भन्नुभयो।

यादवको आरोप यति मात्रै छैन। योग्यता नपुगेकालाई उम्मेदवार बनाएको, विधानविपरीत काम भएको र यसरी गरिएको छनोट स्वीकार्य नभएको भन्दै उनले सामाजिक सञ्जाल मार्फत असन्तुष्टि व्यक्त गर्नुभएको छ। इतर समूहले मुख्यमन्त्रीले आफ्नै काका राजबिहारी यादवलाई मतदान अधिकृत नै तोक्नु निष्पक्षतामाथि ठुलो प्रश्न भएको टिप्पणी गर्नुभयो। "हाम्रा गुनासाहरू सुन्ने प्रयास गरेनन्। अन्ततः मतदानपत्रको दायाँतर्फ रहेका सबै १९ जनाको विजय घोषणा गरियो," पूर्व केन्द्रीय सचिव यादवको भनाइ छ।

आफूहरूले निर्वाचन निस्पक्ष नभएको भनेर मतदान अधिकृतलाई उजुरी गरे पनि सुनुवाइ नभएको गुनासो उहाँले गर्नुभयो। महोत्तरी–४ का १४ हजार ६३७ संगठित सदस्यको नामावली नै शंकास्पद भएको, जनता आवास कार्यक्रमका लागि संकलित नागरिकताको फोटोकपी प्रयोग गरी व्यक्तिहरूलाई पार्टी सदस्य बनाएर मतदानमा सहभागी गराइएको जस्ता आरोप पनि सार्वजनिक भएका छन्। यसबिच, महोत्तरी–४ मा विवाद बढिरहे पनि क्षेत्र नम्बर १ र २ मा भने प्रतिनिधि छनोटका लागि मतदान कार्य जारी छ। क्षेत्र नम्बर १ मा खुला तर्फका ६ प्रतिनिधि पदका लागि १८ उम्मेदवार र महिला सदस्य तर्फ पाँच उम्मेदवार प्रतिस्पर्धामा छन्। उता, महोत्तरी–३ मा भने प्रतिनिधि चयन सर्वसम्मत रूपमा सम्पन्न भएको जानकारी प्राप्त भएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)